# Welcome to eWIC

## इडब्लुआइसिमा स्वागत छ



**इडब्लुआइसि के हो?**

वर्तमान र भविष्यका महिनाहरूका लागि तपाईँ र तपाईँको घरपरिवारका लागि उपलब्ध डब्लुआइसि लाभहरू इडब्लुआइसि कार्डमा राखिएका छन्।

**प्रयोग गर्न सजिलो**

- तपाईँको डब्लुआइसि एपोइन्टमेन्टका बेलामा खाद्य लाभहरूलाई इडब्लुआइसि कार्डमा राखिन्छन्।
- सो कार्डले तपाईँलाई आफूलाई आवश्यकता परेको कुरा खरीद गर्ने अवसर दिन्छ।
- लाभहरू महिनाको अन्त्यमा अन्त्य हुनुअघि इडब्लुआइसिमा रहन्छन्।



**सुरक्षा सुझावहरू**

- आफ्नो पिआइएन (पिन) गोपनीय राख्नुहोस्। आफूले विश्वास गरेको मानिससँग मात्र पिआइएन साझा गर्नुहोस्।
- इडब्लुआइसि कार्डमा आफ्नो पिआइएन नम्बर नलेख्नुहोस्।
- यदि तपाईँले आफ्नो पिआइएन बिर्सनुभयो वा परिवर्तन गर्न चाहनुहुन्छ भने, आफ्नो स्थानीय डब्लुआइसि एजेन्सीमा जानुहोस्।

**ठगी**

आशङ्का गरिएको ठगी रिपोर्ट गर्नका लागि (800) 424-9121 मा फोन गर्नुहोस् वा www.usda.gov/oig/hotline.htm हेर्नुहोस्।

**डब्लुआइसि लाभहरू खरीद गर्नु, बिक्री गर्नु, साटासाट गर्नु वा दिनु गैरकानुनी हो।**

**इडब्लुआइसि किनमेल**

1. आफ्नो स्थानीय एजेन्सीबाट प्रदान गरिएको किनमेल सूची समीक्षा गर्नुहोस् वा आफ्ना लाभहरूको प्रिन्टआउट लिनका लागि स्टोरमा सोध्नुहोस्।
2. किनमेल सूचीले इडब्लुआइसि कार्डमा उपलब्ध सम्पूर्ण घरपरिवार खाद्य लाभहरूको पहिचान गर्नेछ।
3. डेकलद्वारा पहिचान गरिएका डब्लुआइसि स्वीकृत विक्रेताहरूकहाँ मात्र किनमेल गर्नुहोला।
4. वस्तुहरूलाई स्क्यान गर्नुअघि क्यासियरलाई आफूले इडब्लुआइसि कार्ड प्रयोग गर्ने कुरा बताउनुहोस्।
5. आफूसँग भएका र प्रयोग गर्न चाहेका कुपनहरूबारे क्यासियरलाई सूचीत गर्नुहोस्।
6. क्यासियरले तपाईँलाई इडब्लुआइसि कार्ड प्रवेश गराउन, चार अङ्कको पिआइएन राख्न, र किप्याडको एन्टर बटन थिच्न भन्नेछन्।

   * सात (७) पटक गलत पिआइएन प्रयोग गरिएमा तपाईँको इडब्लुआइसि कार्ड बन्द हुनेछ। आफ्नो कार्ड खुलाउनका लागि आफ्नो स्थानीय डब्लुआइसि एजेन्सीमा जानुहोस्।
7. इडब्लुआइसि कार्डबाट डब्लुआइसि-स्वीकृत खाद्य वस्तुहरू घटाइनेछन्।
8. सबै वस्तुहरूका लागि उपयुक्त कटौती गरिएको सुनिश्चित गर्न रसीद जाँच गर्नुहोस् र खरीद निश्चित गर्नक लागि कुँजी दबाउनुहोस्।
9. यदि तपाईँले गैर-डब्लुआइसि वस्तुहरू खरीद गर्नु भएको छ भने, ती वस्तुहरूका लागि तपाईँले कसरी भुक्तानी गर्नुहुन्छ भनी सोध्नेछन्।
10. डब्लुआइसि विनिमय सकिएपछि, तपाईँलाई आफ्नो कार्ड हटाउन भनिनेछ र एउटा टोन वा बिपको आवाज आउनेछ।
11. क्यासियरले तपाईँलाई रसीद र वर्तमान महिनाको ब्यालेन्स प्रदान गर्नेछन्।
12. स्टोरबाट निस्कँदा आफ्नो इडब्लुआइसि कार्ड र रसीद आफूसँग भएको निश्चित गर्नुहोस्।
13. प्रयोगमा नभएका लाभहरू अर्को महिनाका लागि लगिनेछैनन्।




**हराएका, चोरी भएका, वा क्षति भएका कार्डहरूका लागि:**
**तुरुन्तै आफ्नो स्थानीय एजेन्सीमा सम्पर्क गर्नुहोस् वा (800) 554-2544 मा 24 घण्टा सातै दिन फोन गर्नुहोस्।**

Missouri WIC Eat Healthy. Stay Well.

स्वास्थ्य र वरिष्ठ सेवाको मिजौरी विभाग
डब्लुआइसि तथा पोषण सेवाहरू
(800) TEL-LINK (800-835-5465) • WIC.MO.GOV
यो संस्था समान अवसर प्रदायक हो।
इओ/एए रोजगारदाताः सेवाहरू गैरविभेदकारी आधारमा प्रदान गरिन्छन्।
श्रवण र वाणी-सुस्त नागरिकहरूले 711 डायल गर्न सक्नेछन्।

Missouri DHSS Department of Health and Senior Services

# 714 (05-19) Nepali